नेपाल राजपत्र

भाग १

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड २९] काठमाडौं, भदौ १० गते २०३६ साल [अतिरिक्ताङ्क ३१ (क)

शाही सन्देश

श्री ५ महाराजाधिराजका प्रमुख सचिवालय

राजदरबार

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाह देवबाट असंलग्न राष्ट्रहरूको छैठौं शिखर सम्मेलनमा भागलिन हवानातर्फ सवारी होइबक्सनु अगाडि २०३६ साल भाद्र १० गते देशबासीको नाममा बक्सेको सन्देश ।

प्यारा देशबासीहरू,

क्यूबाका राष्ट्रपति महामहिम श्री फिडेल क्याष्ट्रोको मैत्रीपूर्ण निमन्त्रणामा हवानामा हुने असंलग्न राष्ट्रहरूको छैठौं शिखर सम्मेलनमा भागलिने र आउँदा जाँदा केही मित्र-राष्ट्रहरूको अनौपचारिक भ्रमण गर्ने सिलसिलामा आज हामी हाम्रा बडामहारानीको साथ देशबाहिर जाँदैछौं। हाम्रो देशका लागि असंलग्नताको सिद्धान्त कति महत्वपूर्ण छ भन्ने कुरा मैले दोहोऱ्याई रहन पर्ने होइन।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

बिस्तारै बिस्तारै असंलग्नताको सिद्धान्तलाई धेरैले अङ्गाल्दै जान लागेका छन्। असंलग्न राष्ट्रहरूको सदस्य संख्यामा देखिएको अभिवृद्धिलाई अन्तर्राष्ट्रिय रङ्गमञ्चमा असंलग्न आन्दोलनले कुन रूपले बढ्दो महत्व पाउँदै गइरहेको छ भन्ने कुराको प्रमाणको रूपमा लिन सकिन्छ। शुरूदेखि नै नेपालले असंलग्न राष्ट्रहरूको शिखर सम्मेलनहरूमा सक्रिय रूपमा भागलिने गरेको छ। यस आन्दोलनलाई यसरी महत्व दिएर निश्चय नै असंलग्नताको माध्यमबाट क्षेत्रीय तथा विश्वशान्तिमा सक्दो मद्दत पुऱ्याउन हामी सदा तत्पर रहेका छौं। साथै, विश्वका विभिन्न राष्ट्रसंग सर्वोच्च स्तरमा कायम रहने यस प्रकारको सम्पर्क नेपालको निम्ति सधैं हितकर हुने भएकोले यस पटक क्यूबाको राजधानी हवानामा हुन लागेको छैठौं शिखर सम्मेलनमा पनि हामी आफैले नेपाली प्रतिनिधिमण्डलको नेतृत्व गरिबक्सने भएका हौं। आशा छ सम्पूर्ण देशबासीको शुभेच्छाद्वारा यस पटक पनि देशहितलाई बढावा दिने उद्देश्यमा हामीलाई सफलता मिल्नेछ।

हाम्रो अनुपस्थितिमा हामीबाट गरिबक्सने कार्यको लागि हाम्रा भाइ श्री ५ अधिराजकुमार ज्ञानेन्द्र वीर विक्रम शाहको अध्यक्षतामा एक राजप्रतिनिधि परिषद् गठन गरिबक्सेका छौं। मुलुकको दैनिक काम मन्त्रिपरिषद्ले गर्ने नै छ। आशा छ सधैँ झैं समस्त देशबासीहरूले नेपाल र नेपालीको हितलाई सोची देशमा शान्ति र सुव्यवस्था कायम राख्नमा आ-आफ्ना क्षेत्रबाट सहयोग गर्नेछन्।

श्री पशुपतिनाथले हामी सबैको कल्याण गरून्।

जय नेपाल !

हुकुम बक्से बमोजिम,
रञ्जनराज खनाल
श्री ५ महाराजाधिराजका सचिव

322

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।